राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ वैशाख ३१ गते

## स्थानीय तहको निर्वाचन प्रकृयाको अनुगमन सम्पन्न

## मतदाताहरुको उत्साहपूर्ण सहभागिता

स्थानीय तहको पहिलो चरणको निर्वाचनको दिन, वैशाख ३१ गते आइतबार, राष्ट्रिय मानव अधिकार आयोगले मतदान प्रक्रियाको अनुगमन गरेको छ । स्थानीय तहको निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणको सुनिश्चितताका लागि आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा नेतृत्व सहितको ६ वटा उच्चस्तरीय अनुगमन टोली तथा ३४ वटै जिल्लामा ४२ अनुगमन टोली खटिएको थियो ।

अनुगमन टोलीले मानव अधिकारको दृष्टिकोणबाट समग्र मतदान प्रक्रियाको अनुगमन गरेको छ । अनुगमनको क्रममा प्राप्त जानकारी अनुसार दोलखा जिल्लामा प्रहरीको गोलीबाट एकजनाको मृत्यु भएको र केही घाइते भएको तथा काभ्रेपलाञ्चोक जिल्लामा सशस्त्र प्रहरीको गोलीबाट नवराज पाठकको मृत्यु भएको छ । त्यसैगरी चितवन जिल्लामा नेकपा माओवादी केन्द्रका वडा अध्यक्षका उम्मेदवर प्रेमबहादुर रिमालको अज्ञात समूहद्वारा अपहरण भएको पाइएको छ । सिन्धुपाल्चोक, हुम्ला, रामेछाप, डोल्पा, लगायतका जिल्लामा सामान्य झडप भएको र केही ठाउँमा सुरक्षाकर्मीद्वारा हवाइफायर भएको तथा केही स्थानमा विष्फोटक पदार्थ राखेको पाइएतापनि केही समयपश्चात् शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको पाइएको छ ।

समग्रमा मतदान प्रक्रिया अत्यन्त उत्साहपूर्ण तथा शान्तिपूर्ण रूपले सम्पन्न भएको छ । ज्येष्ठ नागरिक, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरूको उल्लेख्य सहभागिताका साथै धेरै मतदाताहरु ३, ४ घण्टा हिंडेर मत खसाल्न मतदान केन्द्रमा पुगेको पाइएको छ । साथै मतदानमा महिलाहरूको सहभागिता पनि उल्लेख्य रहेको पाइएको छ ।

अनुगमनको क्रममा मतदाता शिक्षा, मतदाता परिचय पत्र, मतदान केन्द्रको सुव्यवस्था जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्नुपर्ने पाइएको हुँदा आगामी निर्वाचनमा सो अनुरूप कार्य गर्न, गराउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै, निर्वाचनको क्रममा मृत्यु भएका घटनाहरूको निष्पक्ष अनुसन्धान गरी दोषीउपर कानूनी कार्यवाही गर्न, घाइतेहरूको नि:शुल्क उपचार व्यवस्था गर्न तथा अपहरणमा परेकाको सकुशल उद्धार गरी सार्वजनिक गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org